नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं.-६९२ , दायर मिति-:२०८०-०३-२१

फैसला मिति-२०८०-०६-१८

| वादी | प्रतिवादी |
|---|---|
| रामबाबु प्रसाद सर्राफको जाहेरीले नेपाल सरकार-१ | जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२२ बस्ने बर्ष ४५ को अहमद मियाँ-------------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले फर्ममा रहेका कामदारहरुलाई गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने रामबाबु प्रसाद सर्राफको जाहेरी दरखास्त।**

**२. फर्ममा रहेका कामदारहरुलाई गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।**

**३. फर्ममा रहेका कामदारहरुलाई गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका लाल महमद मियाँ समेतको घटनाविवरण कागज।**

**४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा चोरी र गाली गलौज गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिति २०८०।२।२६ गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२२ स्थित प्रतिवादी अहमद मियाँ जाहेरवालाले संचालन गरेको फर्ममा प्रवेश गरी सुतिरहेका कामदारहरुलाई गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा रामबाबु प्रसाद सर्राफको जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अहमद मियाँलाई कैद ४ महिना ३ दिन गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अहमद मियाँ लाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०२-१५ गते देखि २०८०-०६-१७ सम्म ४ महिना ३ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गरी श्री कारागार कार्यालय, पर्सालाई थुनामुक्त गर्न पत्र लेख्नु।-----------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु----------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टागर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल असोज महिना १८ गते रोज ५ शुभम् .......................